# भैरव रिसाल मिडिया फेलोसिप २०८२

वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) द्वारा **"भैरव रिसाल मिडिया फेलोसिप २०८२"** का लागि आवेदन खुल्ला गरिएको जानकारी गराउन चाँहन्छौं । उक्त फेलोसिप वातावरणीय पत्रकारितामा खोजमूलक तथा सृजनात्मक रचना गर्ने पत्रकारलाई एन्फोको आगामी वार्षिक साधारण सभामा प्रदान गरिने छ । उक्त फेलोसिपको रकम **रु २५,००० (रु.पच्चीस हजार)** रहने छ ।

**<u>फेलोसिप आवेदनको प्रक्रिया:</u>**

१) व्यक्तिगत तथा पेशागत विवरण तथा आवेदन पत्र बुझाउनुपर्ने छ ।
(नाम, ठेगाना, उमेर, संस्था, सम्पर्क नम्बर, इमेल ठेगाना, कार्य अनुभव, विगतका उल्लेखनीय उपलब्धीहरु – २ पृष्ठ)

२) वातावरणीय क्षेत्रमा गरिने खोजमूलक तथा सृजनात्मक रचना सम्बन्धी प्रस्तावना बुझाउनुपर्ने छ (५ पृष्ठ) ।

यहि **२०८२ भाद्र १३ गते दिउँसो ५ बजे** सम्म आवेदन बुझाउनु पर्ने पनि जानकारी गराउन चाँहन्छौं ।

आवेदन बुझाउने इमेलः **enpho@enpho.org**

रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अनलाइन सञ्चार माध्यमहरुमा कार्यरत पत्रकारहरुद्वारा आवेदन बुझाउन सकिनेछ । अथवा, यी सञ्चार माध्यममा कार्यरत पत्रकार मनोनयन गरी पठाउन इच्छुक व्यक्तिद्वारा मनोनित व्यक्तिको विस्तृत विवरण सहित आवेदन बुझाउन सकिनेछ ।

काठमाडौं उपत्यकाभन्दा बाहिर गरिने खोजमूलक तथा सृजनात्मक रचनालाई प्राथमिकता दिइनेछ ।